

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १०२ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८० बैशाख १३ गते बुधबार ❑ 26 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## तनहुँ-१ मा डा वाग्ले विजयी

पोखरापत्र संवाददाता
पोखरा, १२ बैशाख



तनहुँ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्य पदमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का डा स्वर्णिम वाग्ले निर्वाचित हुनुभएको छ । मंगलबार बिहान सम्पन्न मतगणनाअनुसार उहाँले ३४ हजार नौ सय ११ मत प्राप्त गर्नुभएको छ ।

उहाँको प्रतिस्पर्धी नेपाली कांग्रेसका गोविन्द भट्टराईले २० हजार एक सय २२ मत प्राप्त गर्नुभएको छ । त्यस्तै नेकपा (एमाले)का सर्वेन्द्र खनालले आठ हजार चार सय ८८ मत प्राप्त गर्नुभएको सहायक निर्वाचन अधिृकत मीनबहादुर कुँवरले जानकारी दिनुभयो ।

यसैगरी राप्रपाका शोभा गुरुङले दुई सय १८, नागरिक उन्मुक्ति पार्टीका भीमबहादुर सुनारले ९९, नेमकिपाका रामप्रसाद प्रजापतिले ३१, नेकपा समाजवादीका गणेश श्रेष्ठले पाँच, मङ्गोल नेशनल अर्गनाइजेशनका प्रेमबहादुर थापाले एक सय ६६ र राष्ट्रिय जनमुक्तिका पूर्णबहादुर रानाले ८७ मत प्राप्त गर्नुभएको छ ।

तनहुँ-१ का प्रतिनिधिसभा सदस्य नेपाली कांग्रेसका रामचन्द्र पौडेल राष्ट्रपति पदमा निर्वाचित हुनुभएपछि रिक्त यो स्थानमा आइतबार निर्वाचन भएको थियो । तनहुँ क्षेत्र नं १ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेलाई प्रमाणपत्र प्रदान गरिएको छ । मुख्य निर्वाचन अधिकृत कोमलप्रसाद आचार्यले आयोजित कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट निर्वाचित डा वाग्लेलाई प्रमाणपत्र प्रदान गर्नुभएको हो । सो अवसरमा नवनिर्वाचित प्रतिनिधिसभा सदस्य डा वाग्लेले तनहुँवासीले गर्व गर्न लायक सांसद बनेर देखाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले जिल्लाको विकासका साथै देशका मुद्दा सम्बोधनका लागि आफूले भूमिका खेल्ने उल्लेख गर्नुभयो । तनहुँवासीको विश्वास र भरोसालाई डगमगाउन नदिने बताउँदै भन्नुभयो, “जनताका अपेक्षा न्याय गर्नेछु ।” डा वाग्लेले जिल्लाका सबै राजनीतिक दलसँग सहकार्य र समन्वय गरेर काम गर्ने बताउनुभयो । नीति, क्षमता सही भएको खण्डमा देश विकास सम्भव रहेको जनाउँदै सामूहिक प्रयासलाई इमानदारीपूर्वक निभाउने बताउनुभयो ।

देश विकास गर्ने हुटहुटीले आफूहरू आएको जनाउँदै उहाँले भन्नुभयो, “सबैको सामूहिक प्रयत्नबाट मात्र देश विकास हुन्छ ।” मुख्य निर्वाचन अधिकृत आचार्यले शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न गराउन भूमिका खेल्ने सबैप्रति आभार व्यक्त गर्नुभयो । प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न भएको बताउनुभयो । यसैगरी नवनिर्वाचित प्रतिनिधिसभा सदस्य डा वाग्लेलाई प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार गोविन्द भट्टराईले बधाई दिनुभएको छ । मंगलबार बिहान सार्वजनिक मतपरिणामअनुसार प्रतिनिधिसभा सदस्यमा विजयी हुनुभएपछि भट्टराईले वाग्लेलाई बधाई दिनुभएको हो ।

कांग्रेसका भट्टराईले भन्नुभयो, “चुनावी यात्राका दौरानमा हामीबीच सौहार्द प्रतिस्पर्धा रह्यो । र, संयोगले तपाईँ निर्वाचित हुनुभयो । मैले मेरा क्षेत्रका मतदाताको अपेक्षा पूरा गर्ने विश्वास दिलाउन सकिनँ, तपाईँले सक्नुभयो ।” उहाँले यस क्षेत्रको आधिकारिक प्रतिनिधि निर्वाचित भइरहँदा आफूप्रतिको विकास अपेक्षा राखेका मतदाताको विश्वास पनि अब डा वाग्लेको अभिभारा बन्न पुगेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “मैले पदको सपना नदेखे पनि यस क्षेत्रको विकासे अभियन्ताका रूपमा निरन्तर खटेको हुँ । अब पनि खटिरहनेछु ।

अनि तपाईँले चाहेमा यहाँका मतदाताको विकासे चाहना पूरा गर्ने अभियानमा मेरो रचनात्मक सहयोग अनि खबरदारीपूर्ण साथ रहिरहनेछ ।” निर्वाचनमा ६५ हजार तीन सय १६ मत खसेकामा ६४ हजार एक सय ३५ मत सदर भएको थियो भने एक हजार एक सय ८१ मत बदर भएको थियो ।

## गण्डकी प्रदेशमा कांग्रेस नेतृत्वमा सरकार बन्ने

पोखरापत्र संवाददाता
पोखरा, १२ बैशाख

गण्डकी प्रदेशमा नेपाली कागेंसको नेतृत्वमा नयाँ सरकार गठन हुने भएको छ । प्रदेश प्रमुख पृथ्वीमान गुरुङले नयाँ सरकार गठनको लागि आव्हान गरेसंगै केन्द्रमा भएको निर्णय अनुसार प्रदेशमा नयाँ सरकार काग्रेंस नेतृत्वमा गठन गर्ने भएको हो ।

शनिबार मुख्यमन्त्री खगराज अधिकारीले प्रदेश सभामा विश्वासको मत नपाएर पदमुक्त भएसंगै नयाँ सरकार गठनको लागि प्रदेश प्रमुख पृथ्वीमान गुरुङले आव्हान गरेका हुन्। नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मिति २०८० वैशाख १४ गते विहिबार दिनको ४:०० बजेभित्र सरकार गठन गर्न आव्हान गरिएको प्रदेश प्रमुखको कार्यालयले मंगलबार जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ । मुख्यमन्त्री अधिकारीले शनिबार विश्वासको मतको लागि पेश गरेको प्रस्ताव निर्णायार्थ प्रस्तुतः हुँदा उक्त प्रस्तावको पक्षमा परेको मत प्रदेश सभाको तत्कालिन कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमत नभएकोले सो प्रस्ताव बहुमतले अस्वीकृत भएको भनी प्रदेश प्रमुखको कार्यालयलाई जानकारी प्राप्त भएको कार्यालयका प्रवक्ता चण्डी प्रसाद अर्यालले बताए ।

नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्र पाण्डेले आफुहरु काठमाण्डौंबाट फर्कियकोले अब माओबादी केन्द्रसंगको छलफल पश्चात सरकार गठन गर्ने बताए । उनले भने “अब हामीले नयाँ सरकार गठनको लागि माओबादीसंग छलफल गर्छौं त्यस पछि सकेसम्म छिटो सरकार गठन हुने गरी प्रदेश प्रमुखले दिएको समय सिमा भित्रै सरकार गठनको लागी दाबी पेश गर्छौं ।” केन्द्रमा शिर्ष नेताहरु बिच काग्रेंस नेतृत्वमा सरकार गठन गर्ने सहमति भएको प्रदेश सभा सदस्य बिन्दुकुमार थापाले हामीलाई बताए । यता माओबादी केन्द्रका संसदीय दलका नेता हरिबहादुर चुमानले केन्द्रको निर्णय पहिलो कार्याकाल कागेंसले पाउने निर्णय चित्त नबुझेका कारण काठमाण्डौं हानिएका छन् । काठमाडौं प्रस्तान गरेका चुमानले एक चरण काठमाडौंमा पुगेर शिर्ष नेतासंगको छलफल पश्चान पोखरारा फर्किने र प्रदेश प्रमुखले दिएको समय सिमा भित्र नयाँ सरकार गठन प्रकृयामा सहभागि हुने बताए । प्रदेश सभामा ६० जना प्रदेश सभा सदस्य रहेका छन् । प्रदेश सभामा कागेंसको २७, माओबादीको सभामुख सहित ८, एक स्वतन्त्र एमालेको २२ र राप्रपा जना सांसद रहेका छन् । गण्डकी प्रदेशमा सरकार गठनका लागि ३१ जना प्रदेश सभा सदस्य आवश्यक पर्छ । शनिबार मुख्यमन्त्री अधिकारीले प्रदेशसभामा विश्वासको मत नपाएर पदमुक्त भएसंगै सरकार ढलेको चार दीन वितिसक्दासम्म पनि सरकार गठनमा अझै ढिलाई भएको छ ।

गत २५ पुसमा संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा प्रदेश प्रमुख पृथ्वीमान गुरुङले अधिकारीलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए । माओवादी केन्द्रले चैत १० गते आफनो समर्थन फित्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री अधिकारी विश्वासको मत नपाए पछि नयाँ सरकार गठनको प्रकृया सुरु भएको हो । प्रदेशमा १२ मन्त्रालयबाट ७ मन्त्रालयमा झारेका मुख्यमन्त्री अधिकारीको नेतृत्वको सरकारले केही वा वा पाए पनि अब भन्ने नयाँ मुख्यमन्त्रीले कति मन्त्रालय पुराउने हुन त्यो हेर्न बाँकी रहेको छ ।

## परिवर्तन उल्टयाउन घेराबन्दी भइरहेको छ : उपप्रधानमन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता
गोरखा, १२ बैशाख




उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले ठूलो बलिदानबाट प्राप्त परिवर्तन उट्याउन ठूलो षड्यन्त्र र घेराबन्दी भइरहेको दाबी गर्नुभएको छ ।

गोरखाको बारपाक सुलिकोट गाउँपालिकाले आज गोरखा भूकम्पको केन्द्रविन्दु बारपाकमा आयोजित भूकम्प स्मृति दिवस कार्यक्रममा उहाँले परिवर्तनलाई उल्ट्याउन खोज्ने सबै प्रकारका प्रयत्नलाई असफल पारेर महान उपलब्धिको रक्षा गर्नुपर्ने बेला आएको बताउनुभयो ।

पछिल्लो समय राजनीतिक पार्टी तथा तिनका नेतालाई बदनाम गर्ने र देशमा अराजकता उत्पन्न गरी अराजकताको जगमा देशको राष्ट्रियता कमजोर पार्ने विभिन्न षड्यन्त्र भइरहेको भन्दै उहाँले त्यसकाविरुद्ध सचेत रहन पनि सबै लाई आग्रह गर्नुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले जनतालाई भ्रममा नपरी गलत प्रवृतिलाई असफल पार्नुपर्नेमा जोड दिनुभयो । “नेपालमा राजनीतिक पार्टीले ठूलो युगान्तकारी परिवर्तनका लागि सङ्घर्ष गरेका छन्”, उहाँले भन्नुभयो, “यो परिवर्तनलाई संविधानसभाबाट संविधान बनाएर परिवर्तनको संस्थागत विकास भयो, अहिले त्यहीँ परिवर्तनलाई उल्ट्याउन खोज्ने सबै प्रकारका प्रयत्नलाई असफल पारेर महान उपलब्धिको रक्षा गर्नु आवश्यक छ ।” उपप्रधानमन्त्री श्रेष्ठले वर्तमान परिवर्तनलाई सामाजिक र आर्थिक क्षेत्रमा विस्तार गर्नका लागि भइरहेको प्रयत्नलाई बदनाम गर्न खोजिएको समेत बताउनुभयो । उहाँले व्यवस्थामा परिवर्तन भएपछि अवस्थामा सापेक्षित परिवर्तन गर्न किन सकिएन भन्ने तर्फ दलहरूले पनि समीक्षा गर्नुपर्ने आवश्यकता समेत औँल्याउनुभयो । “राजनीतिक पार्टी जसले यो परितर्वन गर्‍यो, यो व्यवस्था ल्यायो, तर यो व्यवस्थामा परिवर्तन भएपछि जनताको अवस्थामा परिवर्तन गर्नका निम्ति हामीले आजसम्म के गर्‍यौँ र के गर्न सकेनौँ भन्ने विषयमा समीक्षा गरी आवश्यकता अनुसार आफूलाई बदलेर फेरि जनताको अपेक्षा र आवश्यकता पूरा गर्नेगरी सम्बृद्ध नेपाल बनाउने तर्फ हामी अगाडि बढ्नुपर्छ”, उहाँले भन्नुभयो ।

उहाँले जनतालाई रुपान्तरणको महसुस गराएरै छाड्नेसमेत बताउनुभयो । उहाँले विकास र समृद्धिको यात्रालाई तीव्र पार्नु अहिले अवश्यकता रहेको उल्लेख गर्नुभयो । उपप्रधानमन्त्री श्रेष्ठले सरकारले भूकम्पलगायतका


बाँकी अन्तिम पृष्ठमा ▶▶


## रास्वपाका सभापति लामिछाने फराकिलो मतान्तरले विजयी

पोखरापत्र संवाददाता
चितवन, १२ बैशाख



चितवन क्षेत्र नं-२ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने फराकिलो मतान्तरले विजयी हुनुभएको छ । निकटतम प्रतिस्पर्धीभन्दा ४२ हजार नौ सय ६२ बढी मत ल्याएर उहाँ विजयी हुनुभएको हो ।

विजयी लामिछानेले ५४ हजार एक सय ७६ मत ल्याउनुभयो । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका जीतनारायण श्रेष्ठले ११ हजार दुई सय १४ मत प्राप्त गर्नुभयो । यस्तै नेकपा (एमाले) का रामप्रसाद न्यौपानेले १० हजार नौ सय ३६ मत प्राप्त गर्नुभयो । राप्रपाका जीवलाल पुरीले तीन सय ७५ मत प्राप्त गर्नुभयो । चितवन क्षेत्र नं-२ मा ७८ हजार छ सय ६४ मत खसेको थियो । जसमध्ये एक हजार एक सय ९८ बदर भई ७७ हजार चार सय ६६ सदर भएको थियो । सो क्षेत्रमा ४३ स्थलका एक सय ३८ केन्द्रमा मतदान गरिएको हो । यस क्षेत्रमा एक लाख २४ हजार छ सय ९५ मतदाता रहेका थिए ।

ती मध्ये ६३ हजार दुई सय ९१ महिला, ६१ हजार ४०३ पुरुष र एक तेस्रो लिङ्गी रहेका थिए । गत मङ्सिरमा सम्पन्न निर्वाचनमा समेत विजयी लामिछानेले त्यतिबेला ४९ हजार दुई सय ६४ मत प्राप्त गर्नुभएको थियो । नेपाली कांग्रेसका उमेश श्रेष्ठले १४ हजार नौ सय ८३, एमालेका कृष्णभक्त पोखरेलले १४ हजार छ सय ४७ र राप्रपाका रवीन अधिकारीले नौ सय ५५ मत प्राप्त गर्नुभएको थियो ।

गत वर्ष मङ्सिरमा सम्पन्न निर्वाचनमा ८४ हजार सात सय ५३ मत खसेको थियो । त्यसमध्ये ८३ हजार नौ सय ५६ सदर मत थियो । उक्त समयमा एक लाख २४ हजार दुई सय १५ मतदाता रहेका थिए । मङ्सिरमा १० दल र छ स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा हुनुहुन्थ्यो भने यसपाली १२ दल र १० स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा थिए ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्डमा कास्की च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

गण्डकी प्रदेशस्तरिय राष्ट्रपति कप रनिङ शिल्डमा कास्की च्याम्पियन बनेको छ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा पोखरा रंगशालामा मंगलबार सम्पन्न प्रतियोगितामा कास्की कुल ३२ पदक प्राप्त गर्दै टिम च्याम्पियन बनेको हो। कास्कीले १४ स्वर्ण, १३ रजत र ५ कास्य पदक जित्दै नगद ३० हजार हात पारेको छ।

यसैगरी गत वर्षको च्याम्पियन बागलुङ यस पटक भने दोश्रो भएको छ। प्रतियोगितामा बागलुङ १० स्वर्ण, ५ रजत र १० कास्य पदक गरी कुल २५ पदकका साथ दोश्रो स्थान प्राप्त गरेको छ भने नवलपुर ७ स्वर्ण, ३ रजत र ८ कास्य गरी कुल १८ पदक जित्दै तेश्रो स्थान हात पारेको छ। दोश्रो भएको बागलुङले नगद २० हजार र तेश्रो हुन सफल नवलपुरले नगद १० हजार प्राप्त गरेका छ। यता मंगलबार नै सम्पन्न छात्र भलिबल फाइनलमा नवलपुर विजयी भएको छ। नवलपुरले २८-२६, २५-२० ले बागलुङलाई पराजित गरेको हो भने पर्वतले गोरखालाई २५-२०, २५-१८ ले जित्दै तेश्रो भएको छ। त्यस्तै छात्रा भलिबलमा कास्कीले बाजी मारेको छ। कास्कीले स्याङजालाई २५-१८, २५-२१ ले फाइनल खेल जित्दा म्याग्दीले तनहुँलाई २५-२०, १९-२५ र २५-१९ ले जितेर तेश्रो भएको छ। सम्पन्न एथलेटिक्सतर्फ कास्कीले ६ स्वर्ण ८ रजत पदक जित्दै प्रथम भएको छ भने नवलपुर ५ स्वर्ण, १ रजत र ५ कास्य पदक जितेर दोश्रो र स्याङजाले ४ स्वर्ण र १ कास्यका साथ तेश्रो भएको छ। यसैगरी कबड्डी छात्रतर्फक कास्की प्रथम भएको छ। कास्कीले म्याग्दीलाई ४३ का विरुद्ध ४५ अंकले पराजित गर्दै पहिलो भएको हो भने बागलुङ र गोर्खा तेश्रो भएका छन्। छात्रा कबड्डीतर्फ बागलुङले तनहुँलाई ६६ का विरुद्ध २० अंकले पराजित गदै पहिलो हुँदा नवलपुर र स्याङ्जा तेश्रो भएका छन्। मार्शल आर्ट उशुतर्फ समग्रमा बागलुङले ४ स्वर्ण २ रजतका साथ पहिलो, कास्की २ स्वर्ण र २ रजत र २ कास्य पदकका साथ दोश्रो म्याग्दी २ रजत र ५ कास्य पदकका साथ तेश्रो हुँदा तेक्वान्दोतर्फ म्याग्दीले २ स्वर्ण १ रजत, कास्कीले २ स्वर्ण, २ रजत र १ कास्य तथा नवलपुर १ स्वर्ण २ रजत १ कास्य पदकका साथ क्रमश पहिलो, दोश्रो र तेश्रो भए। यस्तै करातेतर्फ म्याग्दी जिल्ला प्रथम भएको छ। दुई दिन सम्म चलेको प्रतियोगितामा कुल ६ वटा खेलहरु भएका थिए। जस मध्ये मार्शल आर्टतर्फ छात्र/छात्रा तेक्वान्दो, कराते र उशु तथा टिम इभेन्ट तर्फ एथलेटिक्स, कबड्डी र भलिबल भएका थिए। विजेता टिम तथा खेलाडीलाई सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशका सचिव हेमराज सुवेदी, प्रदेश खेलकुदका उपाध्यक्ष धोज कुमार गुरुङ, परिषदका कार्यकारी सदस्यद्वय दिल बहादुर गुरुङ र ऋषीराम गौतम लगायतले ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरेका थिए। समापन कार्यक्रम प्रदेश खेलकुदका सदस्य सचिव घनश्याम पौडेलको अध्यक्षतामा भएको थियो। उक्त प्रतियोगिताबाट छनौट भएका खेलाडीहरु यहि बैशाख १५ गतेबाट काठमाण्डौमा सुरु हुने तेह्रौं केन्द्रिय राष्ट्रपति रनिङ शिल्डमा सहभागिता जनाउन १४ गते प्रस्थान गर्नेछ।




# पोखरामा अन्तर्राष्ट्रिय उडानका लागि चीनसँग आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

गएको पुस १७ गते उद्घाटन गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल जोड्ने गरी चीनबाट हवाई सेवा संचालन गर्न पोखराका व्यवसायीले चीन सरकारसँग आग्रह गरेका छन्।

पोखरा पर्यटन परिषद्को नेतृत्वमा काठमाडौं पुगेको व्यवसायीको एक टोलीले नेपालका लागि चिनिया राजदूत छन सोङलाई भेटी पहिलो चरणमा कम्तिमा चीन-पोखरा बिच चार्टड उडान भए पनि संचालन गर्न आग्रह गरेको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। चिनिया लगानीमा बनेको ठूलो योजना संचालन गर्न चीनसँग नै आग्रह गरिएको बताउँदै अध्यक्ष सुवेदीले परिषद्को आग्रहप्रति राजदूत सोङ सकारात्मक रहेको जानकारी दिए। पोखरामा सडक महोत्सव, खाना महोत्सव लगायतका गतिविधि बढाउन राजदूतले सुझाव दिएको सुाउँदै उनले यस्ता गतिविधिले उडान संचालन गर्न सहयोग पुग्ने भनाई राखेको जानकारी दिए।



टोलीलमा परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापति, रेवान पोखराका अध्यक्ष नरेशवहादुर भट्टराई, ओभरसिज चाइनिज एशोसिएशनका अध्यक्ष तथा प्रतिनिधि र पोखरा महानगरपालिकाका कार्यवाहक प्रमुख मोतिलाल तिम्सिना लगायत पनि सहभागी रहेको जनाइएको छ। सोही अवसरमा टोलीले मुस्ताङ स्थित कोरला नाका खोल्न पनि चीनसँग आग्रह गरेको थियो। आगामी जुनमा फेवा तालमा संचालन हुने बोट रेस प्रतियोगिता र खाना महोत्सवका लागि चीन सरकारले सघाउन लागेको पनि जनाइएको छ। चीनका तर्फबाट आठ वटा ड्रागन बोट पोखरा महानगरलाई प्रदान गरिने र ती डुंगामा नेपालका सातै प्रदेश र चीनबाट समेत प्रतिनिधित्व हुने गरी प्रतियोगिता संचालन हुने संघका अध्यक्ष सुवेदीले जानकारी दिए।

# अचार बनाउने तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

वडा स्तरिय महिला संजाल वडा नं. ९ को आयोजना तथा वडा कार्यालय ९ को सहयोगमा अचार बनाउने तालिम सम्पन्न भएको छ। तालिमको समापन वडा अध्यक्ष दिपेन्द्र मर्सानीको प्रमुख आतिथ्यता र कमला के सीको अध्यक्षतामा भएको छ।

कार्यक्रममा वडा न ९ को महिला तथा आमा समुहको अध्यक्षहरुको उपस्थिति रहेको थियो। समुहको प्रतिनिधित्व गर्दै कृष्ण टोल आमा समुहको अध्यक्ष रुपा के सी, उत्तम जोशी र सहभागीको तर्फबाट जया बराल, अन्जना श्रेष्ठ र अनिसा बास्तोलाले अनुभव मन्तब्य राख्नु भएको थियो।



प्रशिक्षक गायत्री नेपालीले पनि अनुभव तथा महिला उधमशिलतालाई जोड दिनुपर्ने बताउनु भएको थियो। तालिममा सहभागी ४० जनालाई प्रमाण पत्र बितरण गरि उत्कृष्ट सहभागीबाट सन्ध्या रानालाई पुरस्कृत गरिएको थियो। कार्यक्रममा ५८ जनाको उपस्थितिमा रहेको थियो। कार्यक्रम संचालन सचिब प्रभा सुवेदीले गर्नुभएको थियो। कार्यक्रम सम्पन्न गर्न सहयोग गर्ने प्रति महिला अनुगमन समिति संयोजक प्रति आभार प्रकट गर्नु भएको थियो।

# परिवर्तन...

विपतलाई रोक्न नसके पनि विपत्बाट हुने क्षतिलाई न्यूनीकरणका गर्न योजना निर्माण गरिरहेको उल्लेख गर्नुभयो। उहाँले सरकारले विपतबाट हुने क्षति न्यूनीकरणका लागि विपतको पूर्वसूचना प्रणालीलाई व्यवस्थित गर्ने गरी काम गरिरहेको भन्दै विगतका कमजोरीले भएका क्षतिलाई समीक्षा गरेर आगामी दिनमा त्यस्ता कमजोरी हुन नदिने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो। उहाँले विसं २०७२ को भूकम्पले बारपाकलाई नयाँ पहिचान दिएको बताउनुभयो।

"पहिले बारपाकले सुन्दर गाउँ, पर्यटकीय गाउँलगायतको पहिचान दिएको थियो", उहाँले भन्नुभयो, "२०७२ वैशाख १२ को भूकम्पले थप पहिचान पनि दिएको छ।" उपप्रधानमन्त्री श्रेष्ठले गोरखाको बाह्रकिलो, बारपाक सडकखण्ड कालोपत्रको काममा ढिलाइ भइरहेको भन्दै काम छिटो सम्पन्न गर्न पहलगर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

# पोखरा ५ को वडा दर्पण अंक ६ प्रकाशित

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

पोखरा महानगरपालिका वडा नं. ५ ले नियमित प्रकाशित गर्दै आएको वडा दर्पण अंक ६ नयाँ वर्ष २०८० को सन्दर्भ पारेर प्रकाशित गरेको छ।

पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले सो अंकको लोकार्पण गर्दै स्थानीय सरकारले गर्दै आएका विकास निर्माण र सशक्तिकरण तर्फका कामलाई पुस्तकको रुपमा प्रकाशित गर्नु उदाहरणीय काम भएको बताउनुभयो।

वडा नं. ५ का वडा अध्यक्ष विष्णु प्रसाद बरालले वडाबासीले वडाले गरेका विषयगत काम र त्यसको अवस्था बारे बुझ्न पुस्तक सहयोगी हुने विचार राख्नुभयो।

डा.उमानाथ बरालले वडा दर्पण अंक ६ को समिक्षा गर्दै प्रकाशनले सुशासन स्थापित र परिभाषित गरेको बताए। प्रकाशन उपसमिति संयोजक पूर्व वडा अध्यक्ष धन बहादुर नेपालीले प्रकाशनमा समेटिएका विषयले भएका काम बारे सुसूचित गर्ने र भविष्यमा नीति निर्माणमा बल पुऱ्याउने बताए। का.वा.वडा अध्यक्ष गोविन्द प्रसाद पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य कल्पना भुवाजी क्षेत्रीले कार्यक्रम संचालन गरेकी थिइन्।

त्यसैगरी पोखरा म.न.पा. वडा नं. ५ को सहयोगमा फिर्के तमु समाजमा आवद्ध २० जना दिदी बहिनीहरुलाई ३ दिनको उद्घोषण तालिम शुरु भएको छ। वडा अध्यक्ष विष्णु प्रसाद बरालले तालिमको उद्घाटन गर्दै महिला सशक्तिकरण गर्न तालिम फलदायी हुने बताए।

# पेट्रोलियम तथा ग्याससम्बन्धी संयुक्त कार्य समूहको बैठक सम्पन्न

**रासस**
काठमाडौं, १२ बैशाख

नेपाल-भारत पेट्रोलिमय तथा ग्याससम्बन्धी संयुक्त कार्य समूहको चौथो बैठक सम्पन्न भएको छ।

मंगलबार काठमाडौंमा भएको बैठकमा नेपालका तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव राधिका अर्याल तथा भारतका तर्फबाट पेट्रोलियम तथा ग्यास मन्त्रालयका सहसचिव इसा श्रीवास्तवले नेतृत्व गर्नुभएको थियो। बैठकमा पेट्रोलियम पदार्थको क्षेत्रमा पूर्वाधार विकास, प्राकृतिक ग्यासको क्षेत्रमा थप अध्ययन गर्नेलगायत विषयमा छलफल भएको मन्त्रालयका सहायक प्रवक्ता उर्मिला केसीले जानकारी दिनुभयो। यसैबीच, आपूर्तिमन्त्री रमेश रिजालसँग भारतको पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयका सहसचिव नेतृत्वको टोलीले भेटवार्ता गरेको छ। भेटवार्तामा संयुक्त कार्यसमूहको बैठकमा छलफल भएका विषयका सम्बन्धमा कुराकानी भएको थियो।

Teacher Wanted

Subject : Nepali
Qualification : (M.A./M.Ed.)
Salary : Negotiable
Please Contact : 061- 578061, 061-572636
E-mail:Nobelschool11@gmail.com

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म


माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
-चाणक्य

## सम्पादकीय

# ठूला दललाई उपचुनावको सन्देश

तीन क्षेत्रमा भएको उपनिर्वाचनले पुराना र ठूला दललाई ठूलै धक्का दिएको छ । चितवन २ र तनहुँ १ को अन्तिम मतपरिणाम आइसकेको छ । बारा २ मा मतगणना जारी छ । बारामा जसपा र जनमतको प्रतिस्पर्धा छायो उपनिर्वाचनले काङ्ग्रेसको एक सिट गुमेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले जितेको क्षेत्र गुमाउनु परेको छानेकपा एमालेले मंसिर ४ मा भएको निर्वाचनमा पाएको मत यस पटक कायम गर्न सकेन । मत घटेको छ । अन्य दल चर्चा गर्नेछ ठाउँमा छैनन् । चितवन २ मा रास्वपाका सभापति रवि लामिछाने र तनहुँ १ मा रास्वपाकै स्वर्णिम वाग्ले विजयी भए । उनीहरु नेकपा एमाले र सत्ता गठबन्धनका उम्मेदवारलाई भारी मतान्तरले हराएर जीत निकाल्न सफल भए ।

चितवन २ लामिछाने नै गत मंसिर ४ गतेको निर्वाचनमा विजयी भएको क्षेत्र हो । उनले गत मंसिरको भन्दा धेरै मत ल्याएर दोस्रो पटक जीत निकाले । लामिछानेले ५४ हजार १७५ मत ल्याएर जिते । मंसिरको निर्वाचनमा लामिछानेले ४९ हजार ३०० मत ल्याएका थिए । उनले यस पटक पहिलेको भन्दा ४ हजार ८७५ मत बढी ल्याए । मंसिरको निर्वाचनमा रास्वपाले समानुपातिकतर्फ भने ३५ हजार ९४५ मत ल्याएको थियो । लामिछानेको लोकप्रियताकै कारणले प्रत्यक्षमा धेरै मत आएको छ । काङ्ग्रेसले आफ्नो मतको रक्षा गर्दा एमालेले भने मंसिरमा आएको आफ्नै मतसमेत जोगाउन सकेन । काङ्ग्रेसलाई माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहित साना दलको पनि साथ थियो । काङ्ग्रेसका उम्मेदवार उमेश श्रेष्ठले मंसिरको निर्वाचनमा १४ हजार ९८३ मत ल्याएका थिए ।

तर, अहिले उपनिर्वाचनमा सत्ता गठबन्धनको तर्फबाट काङ्ग्रेसका उम्मेदवार जीतनारायण श्रेष्ठले ११ हजार ११४ मतमात्रै ल्याए । प्रत्यक्षतर्फ कांग्रेसले गत निर्वाचनभन्दा यस पटक ३ हजार ८६९ मत कम पायो । गत निर्वाचनको समानुपातिकतर्फ काङ्ग्रेसले ११ हजार ९१४ मत ल्याएको थियो । त्यसैले अहिले काङ्ग्रेसको आफ्नो भोट नघटे पनि सत्ता गठबन्धन दलबाट मत नआएको देखिन्छ । उपनिर्वाचनमा एमालेका रामप्रसाद न्यौपानेले १० हजार ९३६ मत ल्याए । गत निर्वाचनमा कृष्णभक्त पोखरेलले १४ हजार ६६७ मत पाएका थिए । उपनिर्वाचनमा एमालेको प्रत्यक्षतर्फ ३ हजार ७३१ मत घटेको देखिन्छ ।

गत निर्वाचनमा समानुपातिकतर्फ एमालेले १६ हजार ७८४ मत ल्याएको थियो । समानुपातिक मतलाई आधार मान्दा पनि अहिले एमालेको ५ हजार ८४८ मत रविलाई गएको देखिन्छ । यस्तै तनहुँमा पनि कांग्रेस र एमालेले आफ्नो मत जोगाउन नसकेको प्रस्ट देखिन्छ । रास्वपाका स्वर्णिम वाग्ले ३४ हजार ४८० मत ल्याएर विजयी भएका थिए । गत निर्वाचनमा रास्वपाका विकास सिग्देलले ६ हजार ३२ मत ल्याएका थिए । त्यसवेला समानुपातिकतर्फ रास्वपा १२ हजार ७७३ मत ल्याएर तेस्रो बनेको थियो । तर, अहिले भारी मतान्तरसहित रास्वपाले जीत निकाल्यो । रास्वपाले जित्दा ठूला दलमा झड्का लागेको छ । सत्ता गठबन्धनबाट काङ्ग्रेसका गोविन्द भट्टराईले २० हजार ९२ मत ल्याए । गत निर्वाचनमा काङ्ग्रेसका रामचन्द्र पौडेल विजयी भएका थिए । उनले २५ हजार ३१८ मत ल्याएको भए पनि अहिले त्यो सबै भोट काङ्ग्रेसको पोल्टामा जान सकेन ।

गत निर्वाचनमा समानुपातिकतर्फ काङ्ग्रेसले २० हजार १५८ मत ल्याएको थियो । काङ्ग्रेसले आफ्नो भोट जोगाए पनि माओवादी, नेकपा एससहित कुनै दलको भोट यहाँ पनि गठबन्धन उम्मेदवारले पाएको देखिएन । काङ्ग्रेसले केही हदसम्म आफ्नो मत जोगाए पनि एमालेको भोट रास्वपाका उम्मेदवार वाग्लेलाई गएको देखिन्छ । एमालेका उम्मेदवार सर्वेन्द्र खनालले ८ हजार ५५५ मत पाए । मंसिरको निर्वाचनमा एमालेका उम्मेदवार एकबहादुर रानामगरले १९ हजार ९४३ मत ल्याएका थिए । तर, अहिले एमालेको ठूलो मत रास्वपालाई गएको देखिन्छ । समानुपातिकतर्फ एमालेले १६ हजार ६८३ मत ल्याएको थियो । तर, अहिले एमालेका उम्मेदवार खनालले एमालेको आधी भोटमात्रै पाए । बारामा पनि एमालेले पहिलेभन्दा कम मत पाउने देखिन्छ । मंसिर ४ मा जसपाली छाडेको थियो ।एमाले जसपा गठबन्धनबाट जसपाका रामसहाय प्रसाद यादव निर्वाचित भएका थिए । अहिले काङ्ग्रेस, माओवादी केन्द्र, नेकपा एस, लोसपाको समर्थनमा जसपाका अध्यक्ष प्रतिस्पर्धा गरेका छन्।यहाँ जनमत पार्टीले टक्कर दिएको छ । पहाडमा रास्वपा र तराई मधेसमा जनमतले ठूला र पुराना दललाई धक्का दिएको छाठूला दलले जनताको चाहनाअनुसार चल्न भन्दा आफ्नै ढर्रामा चल्दा यो अवस्था आएको हो । ठूला दलहरूले गम्भीर समिक्षा गरेर नसच्चिएमा जनताले विकल्प खोज्छन भन्ने उपचुनावले सन्देश दिएको छ ।

# लमजुङका विद्यालय भवनको पुनःनिर्माण सम्पन्न

**पोखरापत्र संवाददाता**
लमजुङ, १२ बैशाख

गोरखा भूकम्पका कारण क्षतिग्रस्त यहाँका एक सय ६३ वटा विद्यालयको पुनःनिर्माण सकिएको छ । भूकम्पको आठ वर्षमा सबै विद्यालय भवनको पुनःनिर्माण सम्पन्न भएको शिक्षा विकास तथा समन्वय एकाई लमजुङका प्रमुख वीरबहादुर गुरुङले जानकारी दिनुभयो ।

"बैँसीश बाङ्गेको बाल ज्योति माध्यमिक र मध्यनेपाल नगरपालिकास्थित डढुवा दुर्च्छा माध्यमिक विद्यालयमा चार कोठे विद्यालय भवन पुनःनिर्माण सम्पन्न भएसँगै जिल्लामा क्षतिग्रस्त सबै विद्यालयको भवन, शौचालय र खानेपानीको धारा पुनःनिर्माण सम्पन्न भएको छ", उहाँले भन्नुभयो । जिल्लामा ९१ वटा चार कोठे, १९ वटा तीन कोठे र दुई कोठे ५३ वटा विद्यालय भवन पुनःनिर्माण भएको हो । साथै ६९ वटा शौचालय, ३६ वटा खानेपानी धाराको पुनःनिर्माण सकिएको छ । जिल्लामा विद्यालय भवन, शौचालय र खानेपानी गरी दुई सय ६८ वटा कार्यक्रम लागू गरिएको थियो । पुनःनिर्माणको काम आर्थिक वर्ष २०७३/२०७४ बाट सुरु भएको थियो । तत्कालीन समयमा पाँच वर्षमा पुनःनिर्माण पूरा गर्ने लक्ष्य लिइएको थियो ।

# सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिता : आर्मी विजयी

**रासस**
काठमाडौं, १२ बैशाख

सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगितामा त्रिभुवन आर्मी क्लब विजयी भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज सम्पन्न खेलमा आर्मीले चर्च ब्वाइज युनाइटेड क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै विजयी भएको हो । आर्मीको जितमा जिलेस्पी जङ्ग कार्कीले निर्णायक गोल गरे ।

जिलेस्पीले खेलको १२ औं मिनेटमा गरेको एक गोल नै आर्मीका लागि निर्णायक गोल सावित भयो । प्रतियोगितामा आर्मीको यो पाँचौं जित हो । आर्मीले १२ खेलमा १९ अङ्क जोडेको छ । यससँगै आर्मी अङ्क तालिकाको तेस्रो स्थानमा उक्लिएको छ । यता चर्च ब्वाइजको भने यो दोस्रो हार हो । चर्च ब्वाइज १२ खेलमा १८ अङ्क जोडेर चौथो स्थानमा रहेको छ ।

यसैगरी सातदोबाटोस्थित एन्फा कम्प्लेक्स आजै भएको अर्को खेलमा नेपाल पुलिस क्लबले मनाङ मस्र्याङ्दी क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै विजयी भएको थियो । पुलिसको जितमा मुहमद आसिकले निर्णायक गोल गरे । उनले खेलको सातौं मिनेटमा गोल गरेका थिए ।

# यु-१६ राष्ट्रिय क्रिकेट : मधेस र गण्डकी विजयी

**रासस**
काठमाडौं, १२ बैशाख

धनगढीमा जारी 'एनआइएमबी सुदूरपश्चिम मुख्यमन्त्री १६ वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगिता'मा मधेस प्रदेश र गण्डकी प्रदेश विजयी भएका छन् ।

मंगलबार भएका खेलमा जित हात पार्दै मधेसले लगातार दोस्रो जित हात पारेको हो । गण्डकीको जित भने पहिलो हो । स्थानीय फाप्ला मैदानमा आज भएको खेलमा मधेसले कर्णालीलाई ४९ रनले पराजित गऱ्यो । अर्को खेलमा गण्डकीले कोशी प्रदेशलाई १२ रनले पराजित गर्यो । पहिले ब्याटिङ गरेको मधेसले सबै विकेट क्षतिमा एक सय २५ रन बनायो । उसका लागि राहन शाहले ३९ रन र चन्दन रायले २७ रन बनाए । कर्णालीका लागि विपिन शर्माले तीन विकेट तथा लक्की बम र दीप पौडेलले दुई/दुई विकेट लिए । प्रतिउत्तरमा कर्णाली प्रदेशले निर्धारित ओभरमा नौ विकेट क्षतिमा ७६ रन मात्रै बनाउन सक्यो । उसका लागि दिपेश रावतले १५ र रोशन शाहीले १३ रन बनाए । मधेसका लागि पप्पु यादवले तीन विकेट र रोहन शाहले दुई विकेट लिए । खेलमा दुई विकेट लिएर ३९ रन बनाएका मधेस प्रदेशका राहन शाह 'प्लेयर अफ द म्याच भए ।

अर्को खेलमा गण्डकीले पहिले पहिले ब्याटिङ गर्दै निर्धारित ओभरमा सबै विकेट गुमाउँदै एक सय ६२ रन बनायो । गण्डकीका लागि रोहित कुँवरले ५१ रनको अर्धशतकीय पारी खेले । रोहित चन्दले ३७ रन बनाए । कोशीका लागि प्रतिक पोखरेल सौजन घिमिरेले तीन/तीन विकेट र प्रेम कामतले दुई विकेट लिए । प्रतिउत्तरमा कोशीले निर्धारित ओभरमा आठ विकेट क्षतिमा एक सय ५० रन मात्रै बनाउन सक्यो ।

उसका लागि दिपु भुजेल र शिवांश बजगाईंले समान ३५/३५ रन बनाए भने सौजन घिमिरेले २३ रन जोडे । गण्डकीका लागि सिब्रिन श्रेष्ठले चार विकेट र अश्विन थापाले दुई विकेट लिए । चार विकेट लिएका गण्डकीका सिब्रिन श्रेष्ठ खेलको प्लेयर अफ द म्याच भए । प्रतियोगिताअन्तर्गत भोलि सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका बीच तथा अर्को खेल कोशी प्रदेश र बागमती प्रदेशका बीच हुँदैछ । प्रतियोगितामा देशका सातवटै प्रदेशको क्रिकेट टिमको सहभागिता रहेको छ ।

# रेडियो अन्नपूर्णको २२ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख



रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जले आफ्नो २२ औं वार्षिकोत्सव मनाएको छ । रेडियो अन्नपूर्ण २०५८ साल वैशाख १२ गते स्थापना भएको हो । २२ औं वार्षिकोत्सवको कार्यक्रममा बोल्दै रेडियोका प्रबन्धक निर्देशक सुनयना पालिखेले स्थापना काल देखिको सामाजिक उत्तरदायित्व बहन गर्ने कार्यलाई निरन्तरता दिने बताइन् ।

निर्देशक डा.माया लामाले स्रोता शुभेच्छुकहरुको साथ र सहयोगका कारण रेडियोले भिन्न पहिचान बनाउन सफल भएको बताइन् । निर्देशकद्धय विजेश पालिखे र बरदान ताङवे लामाले चुनौती सँगसँगै नयाँ सम्भावनाको खोजी गर्ने बताए । कार्यक्रममा स्टेसन म्यानेजर सञ्जयकुमार मल्ल, बरिष्ठ प्रस्तोता आरजु विष्ट सल्यानी ,अन्नपूर्णकर्मी बासुदेव मिश्र, कन्जन थापा र नारायण पौडेललेले समय सँगसँगै रेडियोलाई परिमार्जन गर्दै लैजानुपर्ने बताए । रेडियोले उत्कृष्ट कार्य गर्ने विभिन्न कर्मचारीहरुलाई सम्मानसमेत गरेको छ । वेस्ट स्टाफ अफ दि इएरबाट संबाददाता सबिन रेग्मी सम्मानित भए । उनलाई ११ हजार १ सय ११ रुपैयाँ नगदसहित सम्मानपत्रले सम्मान गरियो । त्यस्तै रेडियोकर्मी आरजु विष्ट सल्यानी र कृष्ण सुबेदी लाई बिभिन्न कार्यक्रमको संयोजक बाट सम्मान गरियो।

शान्ति र विकासका लागि संचार नारासहित स्थापना भएको रेडियो अन्नपूर्ण अन्तर्गत पब्लिक एफएम ९९.६ मेगाहर्ज र अनलाईन अन्नपूर्ण न्यूज पोर्टल भगिनी संस्थाका रुपमा रहेका छन् ।

# डा केसी म्याग्दीको ग्रामीण क्षेत्रमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ बैशाख

वरिष्ठ हाडजोर्नी विशेषज्ञ डा गोविन्द केसीले म्याग्दीको ग्रामीण क्षेत्रमा पुगेर बिरामीको उपचार गर्नुभएको छ ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ को भुरुङ्ग तातोपानी स्वास्थ्यचौकीमा उहाँले आइतबार र सोमबार हाडजोर्नीसम्बन्धी बिरामीको उपचार गर्नुभएको हो । दुई दिनसम्म उहाँले एक सय २५ जनाको उपचार गर्नुभएको भुरुङ्ग तातोपानी स्वास्थ्यचौकीका प्रमुख कृष्ण केसीले जानकारी दिनुभयो । आइतबार ५५ र सोमबार ७० बिरामीको उपचार गर्नुका साथै परामर्श सेवा दिनुभएको थियो । स्वास्थ्यचौकीका प्रमुख केसीसहित सिनियर अहेव विक्रम पुन, अनमी नीता पुन, सनम बुढ्ठा पुन, अहेव चौथो सङ्गीना मगरातीलगायतले डा केसीलाई सघाउनुभएको थियो ।

चिकित्सा शिक्षाका अभियान्ता डा केसीले गत हप्ता बागलुङको निसिखोला गाउँपालिकाको बोहोरागाउँ स्वास्थ्यचौकीमा तीन दिन उपचार गर्नुभएको थियो । बागलुङबाट कुनै खबरबिना भुरुङ्ग तातोपानी आउनुभएको हो । गाउँपालिका र स्वास्थ्यचौकीले औषधिको व्यवस्थापन गरेको थियो । "पूर्वजानकारीबिनै डा केसी स्वास्थ्यचौकीमा आउनुभएको थियो", स्वास्थ्य चौकी प्रमुख केसीले भन्नुभयो, "हामी पनि अचम्ममा पर्यौं ।" स्वास्थ्य चौकीले सामाजिक सञ्जाल, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि र सङ्घसंस्थामार्फत सेवा लिनका लागि सर्वसाधारणलाई अनुरोध गरेको थियो । दाना, नारच्याङ, भुरुङ्ग तातोपानी, घार, शिख, पाउद्वार, पोखरेबगर, ठूलोबगरका सर्वसाधारण सेवा लिन आएका थिए । फुर्सदको समयमा ग्रामीण क्षेत्रका बिरामीको उपचारका लागि आएको डा केसीले बताउनुभयो । "ग्रामीण क्षेत्रमा हाडजोर्नी तथा नशारोगसम्बन्धी समस्या भएका धेरै बिरामी उपचारको पहुँच बाहिर छन्", उहाँले भन्नुभयो, "फुर्सदको समयमा गाउँमै पुगेर सेवा दिने उद्देश्यले म्याग्दी आएको हुँ ।"

# आपराधिक घटना न्यूनिकरण गर्न गलकोटमा सिसिटिभी क्यामरा

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

गलकोट क्षेत्रमा बढ्दो चोरीका घटना न्यूनिकरणका लागि सिसिटिभी क्यामरा जडान गरिएको छ ।

बैदेशिक रोजगारी तथा बसाईंसराईंका कारण गाउँ खाली हुँदै गएपछि बन्द रहेका घरमा चोरीका घटना बढ्न थालेपछि सिसिटिभी क्यामरा जडान गरिएको हो । गाउँका घरमा बुढाबुढी मात्रै भएको र ताला लगाएका घरमा पनि चोरी हुन थालेपछि गलकोट नगरपालिकाले त्यस्ता घटना न्यूनिकरणका लागि सिसिटिभी क्यामरा जडान गरेको हो । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गबीच भागमा पर्ने गलकोट क्षेत्र पछिल्लो समय तीव्ररूपमा सहरीकरण भइरहेको छ । सहरीकरणसँगै आपराधिक घटना बढ्दै गएपछि नगरपालिकाले हटियाबजार नरेठाँटी, मल्म, हरिचौर बजार, भ्यूटावर,लगायतका गलकोटको मुख्य बजार क्षेत्र र नाकामा २० वटा सिसिटिभी क्यामेरा जडान गरेको छ । सिसिटिभी क्यामेरा जडानपछि आपराधिक क्रियाकलाप न्यूनिकरण हुनेमा नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले विश्वास व्यक्त गर्नुभयो । नगरपालिकाले यसका लागि चालु आर्थिक वर्षमा रु १० लाख बजेट बिनियोजन गरेको थियो । सिसिटिभी क्यामेरा 'कन्ट्रोल रुम' इलाका प्रहरी कार्यालय हरिचौरमा राखिनेछ । "अहिले लोकमार्ग छेउछाउका क्षेत्रमा धमाधम घर भवन बनिरहेका छन्, सँगसँगै बढ्दो बजारीकरणका कारण यहाँ धेरै घटना पनि हुने गरेका छन्", उहाँले भन्नुभयो, "त्यस्ता घटना नियन्त्रण गर्न हामीहरूले बजार क्षेत्रमा र सम्भावित घटना हुने ठाउँमा सिसिटिभी क्यामरा जडान गरेका हौं । आवश्यता अनुसार अन्य क्षेत्रमा पनि विस्तारै जडान गरिनेछ ।" नगरप्रमुख भरत शर्मा गैरेले बजारलाई व्यवस्थित गर्न सिसी क्यामराले ठूलो टेवा पुऱ्याउनेमा विश्वास व्यक्त गर्नुभयो । समय-समयमा बजार क्षेत्रमा गलत क्रियाकलाप हुने र नगरपालिकाले बनाएका नीति नियमलाई पालन नगरेको पाइएकोमा अब सिसिटिभी क्यामरामार्फत निगरानी गर्ने उहाँको भनाइ छ । यसले जथाभावी फोहर फाल्ने, तोडफोड हुने घटना पनि अब न्यूनिकरण हुने प्रमुख गैरेले बताउनुभयो ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३, कास्की जामे अक्सा मज्जिद अगाडि स्ल्याव निर्माण एवम् पार्किङ तथा वडा नं. १० को सिमानासम्म ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : जामे अक्सा मज्जिद अगाडि स्ल्याव निर्माण एवम् पार्किङ तथा वडा नं. १० को सिमानासम्म ढलान निर्माण
**वडा** : पोखरा-१३
**उपभोक्ता समिति** : मुस्लिम सेवा समिति
**योजना सम्झौता मिति** : २०७९/१०/२७
**योजना सुरु भएको मिति** : २०७९/१०/२८
**योजना सम्पन्न मिति** : २०८०/०१/३०
**योजनाको कूल लागत** : रु. २२,२२,२२२/-
**महानगरबाट प्राप्त** : रु. २०,००,०००/-
**जनसहभागिता** : रु. २,२२,२२२/-
**जम्मा सदस्य संख्या** : ७ जना, महिला सदस्य ३ जना

**गमालदिन मिया**
अध्यक्ष
**मुस्लिम सेवा समिति**
पोखरा-१३, कास्की



# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



# विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नामः गिता त्रिपाठी
ठेगानाः कालिका-२, कास्की
विमा लेख नं. ०००७१८२
सम्पर्क : गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा
फोनः ०६१-५२४४५०

